Shikshak Journal *17*(1),360-374, 2025

# स्नातकोत्तर नेपाली शिक्षा (नेपा.शि.५२४) अन्तर्गत भाषिक परीक्षण विषयक पाठ्यक्रम : एक चर्चा

गणेशराज अधिकारी

*त्रि.वि.,महेन्द्ररत्न क्याम्पस, नेपाली शिक्षा विभाग ताहाचल, काठमाडौँ* ✉lionganesh2017@gmail.com

Submitted: March 13, 2024; Accepted: July 12, 2024; Published: January 31, 2025

**लेखसार**

स्नातकोत्तर नेपाली शिक्षा (नेपा.शि. ५२४) को पाठ्यक्रमको चर्चा गर्नमा प्रस्तुत लेख केन्द्रित छ । स्नातकोत्तर तह, नेपाली शिक्षा (नेपा.शि.५२४) अन्तर्गत *भाषिक परीक्षण* विषयक पाठ्यक्रमको अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ । पाठ्यक्रमलाई सिकाइको योजनाका रूपमा लिइन्छ । यसले सिकारुलाई के सिकाउने ? किन सिकाउने ? कति सिकाउने ? कसरी सिकाउने ? भन्ने कुराको स्तरयुक्त, उपयुक्त तथा सार्थक उत्तर दिन्छ । अझ भाषाको पाठ्यक्रमले त भाषिक सिप र भाषागत अर्थसन्दर्भलाई समेत स्पष्ट पार्दछ । स्नातकोत्तर नेपाली शिक्षाको पाठ्यक्रमले भाषिक सिपलाई प्रायोगिक बनाएर सिकाइमा सक्षमता हासिल गराउने लक्ष्य राखेको छ । गुणात्मक अध्ययन ढाँचाअन्तर्गतका विषयवस्तु र अवधारणात्मक विश्लेषणको ढाँचामा आधारित रही शिक्षक र विद्यार्थीका प्रतिक्रियालाई अध्ययनको स्रोत बनाइएको छ । विषयको विश्लेषणपश्चात् भाषाका आदानात्मक सिपमा रहेका सुनाइ र पढाइलाई प्रयोग र अभ्यासमा ल्याउन सकिने निष्कर्ष निकालिएको छ । प्रदानात्मक सिपमा रहेका बोलाइ र लेखाइ सिपका माध्यमबाट बोध र अभिव्यक्ति दुबै पक्षलाई सार्थक बनाउन सहयोग गर्दछ भन्ने यसबाट देखिएको छ । शिक्षाका राष्ट्रिय उद्देश्यमा आधारित भएर मात्र तहगत तथा विषयगत उद्देश्यलाई सार्थक बनाउन सकिन्छ । बोध र अभिव्यक्तिका माध्यमबाट पाठ्यक्रमको मर्मलाई सार्थक, सुस्पष्ट र स्थापित गर्न सकिन्छ । स्नातकोत्तर तहको यस पाठ्यक्रमले विद्यार्थीमा पहिचानात्मक तथा उत्पादनात्मक दुबै सिपमा दक्ष बनाउन सक्ने देखिन्छ । भाषिक सिपमा दक्ष हुनु भनेको तहगत सक्षमता हासिल गरी स्नातकोत्तर तहको मर्यादा र उपादेयता प्राप्त गर्नु भएकाले प्रस्तुत लेखको उपयोगितासमेत यसमा सीमित रहेको छ ।

**सूचक शब्द :** आदानात्मक, पाठ्यक्रम, पाठ्यपुस्तक, प्रदानात्मक, मूल्याङ्कन

## विषयप्रवेश

पाठ्यक्रम अङ्ग्रेजी 'करिकुलम' शब्दको नेपाली अनुवादित शब्द हो । उक्त शब्द ल्याटिन भाषाको 'कुरेर'बाट अङ्ग्रेजीमा 'करिकुलम' शब्द अभ्यास र प्रयोगमा आएको हो । ल्याटिन 'कुरेर' शब्दको नेपाली अर्थ दगुर्नु भन्ने हुन्छ । यसलाई दौडको मैदान भन्ने अर्थमा पनि ग्रहण गरिएको पाइन्छ (लम्साल र अन्य, २०७४, पृ १६१) । यसले एउटा निश्चित गन्तव्यको सङ्केत गर्दछ ।

शाब्दिक अर्थअनुसार पाठ्यक्रम दौडिएर धावकले आफ्नो लक्ष्य प्राप्त गर्ने बाटो मानिन्छ । पाठ्यक्रमले खास योजनाको काम गर्दछ । पाठ्यक्रमका आधारमा शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक सिकाइका योजनाहरू बन्दछन् । स्नातकोत्तर तहको *भाषिक परीक्षण* विषयसम्बद्ध पाठ्यक्रमको अपेक्षा पनि विश्लेषणात्मक क्षमता बढाउने र अनुसन्धान गर्न सक्ने बनाउने हो । उक्त पाठ्यक्रमको औचित्य पनि भाषिक सक्षमतामा आधारित रहेको छ । शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गर्ने सिकारुले उक्त तहको पाठ्यक्रमको विश्लेषण गर्न सक्नुपर्छ । पाठ्यक्रमको विश्लेषण गर्न सक्नु भनेको निर्दिष्ट तहको खास शीर्षकमा अनुसन्धान गर्न सक्नु भन्ने हो ।

भाषिक परीक्षणको पाठ्यक्रमले भाषिक सिपको शिक्षणपश्चात् अपेक्षित मर्महरू के कति प्राप्त भए ? के कति हुन् बाँकी छन् ? तिनको अध्ययन गरी भाषिक सिपहरूको परीक्षण गर्दछ । यसको मुख्य प्रयोजन भनेको पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू के वा कति मात्रमा पूरा भए वा भएनन् भनेर जाँच्ने हो । यसका लागि भाषिक सिपका माध्यमबाट तिनको परीक्षण गरिन्छ । भाषाका अभिलिखित तथा सम्पादित तथ्यबाट भाषिक सिपहरूको सैद्धान्तिक एवम् प्रायोगिक पक्षको लेखाजोखा गरिन्छ । यस क्रममा मूल्याङ्कनमा विषयगत र वस्तुगत पक्षहरूको सहयोग लिइन्छ । यस क्रममा विधि र मूल्याङ्कनको समन्वयसमेत गरिन्छ । त्यस्तै पाठ्यक्रमका उद्देश्य, अपेक्षित विषयवस्तु, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया प्रकृतिका पक्षहरू पनि समेटिन्छन् । उक्त अपेक्षाका आधारमा स्नातकोत्तर तहको भाषिक परीक्षणको पाठ्यक्रमको अवधारणात्मक विश्लेषण गर्ने उद्देश्य राखेर यसअघि सबल अध्ययन गरिएको पाइँदैन । उक्त रिक्ततालाई पूरा गर्दै यस लेखमा पाठ्यक्रमिक मान्यताका आधारमा अध्ययन गरिने भएकाले स्नातकोत्तर तहको निर्धारित पाठ्यक्रमको प्रस्तुत अध्ययन उपयोगी हुने अपेक्षा गरिएको छ ।

**समस्याकथन**

अनुसन्धानका लागि अध्ययन गर्न खोजिएको प्रस्तुत भाषिक परीक्षणको पाठ्यक्रमको चर्चा नै प्रस्तुत अध्ययनको समस्या हो । यस लेखमा स्नातकोत्तर तह नेपाली शिक्षा दोस्रो सेमेस्टर ( नेपा.शि.५२४) को *भाषिक परीक्षण* विषयको पाठ्यक्रमको अध्ययन गरिएको छ । त्यस्तै गरेर विवेच्य पाठ्यक्रमले अपेक्षा गरेका मर्मका आधारमा अध्ययन गर्नु पनि अध्ययनीय समस्याका रूपमा रहेको छ ।

**अध्ययनको उद्देश्य**

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा वार्षिक प्रणालीको अन्त्य भएपछि सेमेस्टर प्रणाली आरम्भ भएको हो । यही क्रममा सेमेस्टर प्रणालीको पाठ्यक्रम निर्माण गरियो । उक्त पाठ्यक्रमका

सन्दर्भमा अवधारणात्मक विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्यका रूपमा रहेको छ । यस उद्देश्यमा केन्द्रित रहेर पाठ्यक्रमको मर्मअनुरूप स्नातकोत्तर तह, नेपाली शिक्षा (नेपा.शि.५२४) दोस्रो सेमेस्टरको *भाषिक परीक्षण* विषयक पाठ्यक्रमको विश्लेषण गरिएको छ ।

**अध्ययनको औचित्य**

प्रस्तुत अध्ययन निर्धारित पाठ्यक्रमको सूक्ष्म अध्ययन र विश्लेषणमा केन्द्रित छ । यसमा स्नातकोत्तर तहमा नेपाली शिक्षा विषय लिएर अध्ययन गर्ने विद्यार्थीलाई केन्द्र बनाइएको छ । यस किसिमको खोजपरक अध्ययनले स्नातकोत्तर तहमा नेपाली शिक्षा मूल विषय लिएर अध्ययन गर्ने अध्येता तथा शोधार्थीहरूलाई विशेष सहयोग गर्ने विश्वास गरिएको छ । उक्त तहमा अध्यापन गराउने शिक्षकलाई पनि यसले थप सूचना दिने तथा स्वतन्त्र अध्ययन गर्ने जो कसैलाई पनि यस किसिमको लेखले यथेष्ट सहयोग गर्ने अपेक्षा गरिएको छ ।

भाषिक परीक्षण विषयका बारेमा अध्ययन गर्ने अनुसन्धाता पनि यसबाट लाभान्वित हुन सक्छन् । भाषिक परीक्षणको पाठ्यक्रम निर्माण गर्ने विज्ञ समूहलाई यस अध्ययनले सहयोग गर्न सक्छ । यस विषयको पाठ्यपुस्तक लेखनमा लाग्नेहरूका लागि र सरोकारवाला सबैलाई नयाँ र थप सूचना यसले दिन सक्छ । स्वतन्त्र अध्ययनमा लागेका अन्य विषयका अध्येतालाई यसले नयाँ मार्ग देखाउन सक्छ । अझ भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्ने विज्ञहरूका लागि यो थप प्रभावकारी हुने विश्वास गरिएको छ ।

**सैद्धान्तिक अवधारणा**

**नीतिगत अवधारणा :** प्रस्तुत लेखमा नीतिगत तथा अवधारणात्मक गरी दुईखालका अवधारणाको चर्चा गरिएको छ । उक्त चर्चापश्चात् अध्ययनका लागि सैद्धान्तिक पक्षको व्याख्या गरिएको छ ।

पाठ्यक्रमलाई सिकाइको योजना मानिन्छ । सिकाइको योजना मानिने पाठ्यक्रम ऐनाझैँ स्पष्ट हुनुपर्छ । यस किसिमको प्रस्ट योजना बनाउन समाजको अवस्था अवगत हुनुपर्छ । सिकारु समूहको किटान हुनुपर्छ । समाजको सांस्कृतिक पक्ष स्पष्ट खुल्नुपर्छ । पाठ्यक्रमले सिर्जनशीलताको भाव सम्प्रेषण गर्न सक्नुपर्छ । परिवर्तनको प्रवाहलाई यसले स्पष्ट परिभाषित गरेको हुनुपर्छ । विविधताको पक्ष पनि यसमा समेटिनुपर्छ । न्यूनतम रूपमा यी सूचना समेटिएको अवस्थामा मात्र स्तरीय पाठ्यक्रम तयार हुन्छ । पाठ्यक्रममा विद्यार्थीको व्यक्तित्वको चौतर्फी विकासको लक्ष्य परिभाषित हुने सम्पूर्ण क्रियाकलाप समावेस गरिएको हुन्छ । यस आधारमा हेर्दा पठनपाठनयोग्य शैक्षिक सामग्री तथा कार्यकलापको सुव्यवस्थित योजनालाई पाठ्यक्रम हो भन्ने देखिन्छ ।

लम्साल र अन्य (२०७४) ले राशिपयो (२०२८) ले गरेको पाठ्यक्रमको परिभाषालाई उल्लेख गर्दै पाठ्यक्रमलाई शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रमका रूपमा प्रस्तुत गरेका छन् । *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति* नामक पुस्तकमा शिक्षाको शब्दकोशले पाठ्यक्रमका विषयमा गरेको परिभाषालाई यसरी उल्लेख गरेका छन्- *पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत, मूल्याङ्कनका साधन आदिलाई बुझाउँछ जसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमको माध्यमबाट पूरा गर्ने प्रयास गरिएको हुन्छ* (लम्साल, अधिकारी र गौतम, २०७३ पृ ३ ) ।

पाठ्यक्रम सम्बद्ध विषयलाई भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति पुस्तकमा पाठ्यक्रमका चरणगत प्रक्रिया भनेर विभिन्न पाँच प्रक्रिया उल्लेख भएका छन् । यिनले पाठ्यक्रम निर्माणको चरणको सङ्केत गर्दछन् । यसमा आवश्यकताहरूको विश्लेषण, लक्ष्य र उद्देश्य, पाठ्यवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदि निर्धारण गरिएको हुन्छ (लम्साल, अधिकारी र गौतम,२०७३) । पाठ्यक्रमका विषयमा गरिएका उक्त परिभाषालाई नियाल्दा पाठ्यक्रमको केन्द्रवरिपरि उद्देश्य, सामग्री, क्रियाकलाप र मूल्याङ्कनले प्रदक्षिणा गरेका देखिन्छन् । यिनै तथ्यका आधारमा भाषा पाठ्यक्रम निर्माणका सिद्धान्तको चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

भाषा पाठ्यक्रम निर्माण गर्दा अवलम्बन भएका सिद्धान्त भाषिक परीक्षणको पाठ्यक्रम निर्माण गर्ने क्रममा पनि अवलम्बन गरिएको छ । सामान्यत : पाठ्यक्रम निर्माण गर्दा समकालीन समाज, राष्ट्रिय आवश्यकता, सिकारु, सांस्कृतिक पक्ष, परिवर्तनशीलता, सिर्जनात्मकता, विविधताजस्ता सिद्धान्त अवलम्बन हुन्छन् । प्रस्तुत *भाषिक परीक्षण* विषयसम्बद्ध पाठ्यक्रमको विश्लेषण गर्दा पनि उल्लिखित तथ्यलाई आधार मानिएको छ । पाठ्यवस्तुको छनोट तथा स्तरण गर्दा पनि सिकारु, संस्कृतिजस्ता पक्ष अवलम्बन गरिएका हुन्छन् र यस पाठ्यक्रमको विश्लेषण गर्दा पनि निर्धारित पक्ष अवलम्बन भएका छन् । पाठ्यक्रम बन्नु भनेको पाठ्यवस्तु छनोटका आधार तयार हुनु हो । यसले पाठ्क्रमको प्रभाव के कति छ भन्ने कुराको पुष्टिसमेत गर्दछ (लम्साल, गौतम र अधिकारी, २०७४ पृपृ १६२-१६६) ।

**पाठ्यक्रमको अर्थ :** प्रारम्भतिर पाठ्यक्रमलाई व्यापक अर्थमा नलिई सामान्य अर्थमा अर्थ्याइँन्थ्यो । कक्षाकोठामा सिकाइने विषयवस्तु, पाठ्यवस्तु, पाठ्य विवरण, विषयसूचीजस्ता विषयलाई पाठ्यांशहरूको सँगालोका रूपमा लिइन्थ्यो । कक्षामा शिक्षकले पढाउने विषयका रूपमा निर्धारण गरिएको सामग्री नै पाठ्यक्रम हो भन्ने बुझाइ थियो । विद्यार्थीको रुचि, तह, स्तर, क्षमता पूर्वज्ञानजस्ता पक्षले मान्यता पाउँदैनथे (ढकाल, २०६६) ।

समयले पाठ्यक्रमको पुरानो मान्यताबाट माथि उठ्न सिकायो । यस क्रममा सिकारुको सिकाइ अनुभवको विषय पनि जोडिन गएपछि भने पाठ्यक्रमको नवीन धारणा आरम्भ भएको मानिन्छ । शिक्षाका लक्ष्य र उद्देश्य, सिकाइ सामग्री, विषयवस्तु, सिकाइका अनुभव, सिकाइ क्रियाकलाप र मूल्याङ्कनलाई समेट्ने योजना नै पाठ्यक्रम हो भन्ने मान्यता नवीन धारणाका रूपमा स्थापित भयो (भण्डारी र अन्य, २०६८) ।


समग्रमा पाठ्यक्रम सिकाइ योजनाको विशिष्ट सँगालो मानिएकाले व्यापक अर्थमा सिकारुको चाहाना, रुचि, दक्षता र आवश्यकता ख्याल गरेर सिकाइको परिवेश तयार गर्नु पाठ्यक्रमहो भन्ने बुझिन्छ । यस्तो पाठ्यक्रमले सिकारुमा रहेको रचनात्मक एवम् सिर्जनात्मक क्षमता प्रस्फुटन गर्नमा योगदान गर्दछ । यसको मूल थिम भनेको बालकमा रहेको क्षमतालाई स्वतस्फूर्त प्रकाशित हुने बनाउनु हो ।

**अध्ययनको परिसीमा**

प्रस्तुत अध्ययनलाई शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहको नेपाली शिक्षा (नेपा.शि.५२४) विषयअन्तर्गत *भाषिक परीक्षण* विषयको पाठ्यक्रमसम्बद्ध विश्लेषणमा सीमित गरिएको छ । यसलाई एउटा मात्र पाठ्यक्रममा परिसीमित गरिएको छ । यसलाई पाठ्यक्रमका उद्देश्य, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियामा केन्द्रित गरिएको छ । विषयवस्तुलाई उद्देश्यसँग जोडेर सूक्ष्म तरिकाले हेरिएको छ ।

### अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययनमा निम्नानुसारको अवधारणात्मक ढाँचा अवलम्बन गरिएको छ :




### अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा वर्णनात्मक दार्शनिक आधारलाई अपनाइएको छ । गुणात्मक अध्ययन पद्धति भएकाले अवधारणात्मक विश्लेषणको ढाँचालाई प्रयोग गरिएको छ । उक्त आधारमा खुला प्रश्नावली र पुस्तकालय कार्यलाई तथ्याङ्क सङ्कलनको उपकरण बनाइएको छ । त्यसपछि खुला प्रश्नावलीका सामग्रीलाई थिमेटिक रूपमा अपनाइएको छ । यसमा भाषापाठ्यक्रमका तत्वका आधारमा विश्लेषण गर्ने ढाँचालाई आधार बनाइएको छ । शिक्षाशाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विषय सञ्चालित छ वटा क्याम्पसका दुईदुई जना स्नातकोत्तरका विद्यार्थी र एकएक जना प्राध्यापकलाई सूचक बनाई खुला प्रश्नावलीका माध्यमबाट तथ्याङक सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण गर्दा पाठ्यक्रमका उद्देश्य, विधि र मूल्याङ्कन तत्त्वलाई आधार बनाइएको छ । खुला प्रश्नावलीबाट प्राप्त भएका तथ्यलाई तालिकाबद्ध गरी वर्णनात्मक तथा व्याख्यात्मक  विधिका आधारमा थिम र पाठ्यक्रमका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

**छलफल तथा निष्कर्ष**

स्नातकोत्तर तह नेपाली शिक्षा दोस्रो सेमेस्टरको भाषिक परीक्षण (नेपा शि ५२४) पाठ्यक्रमको विश्लेषण गर्नु प्रस्तुत लेखको प्रमुख उद्देश्य हो । विवेच्य पाठ्यक्रमको विश्लेषणका लागि यस लेखमा पाठ्यक्रमका उद्देश्य, विधि र मूल्याङ्कन प्रमुख आधारका रूपमा रहेका छन् । उद्देश्य खण्डसँग विषयवस्तु स्वतः जोडिएको छ । यस अध्ययनमा विषयवस्तुलाई छुट्टै शीर्षकमा राखिएको छैन । मूलतः यी तीन घटकमा केन्द्रित गरी विषयवस्तुको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**भाषिक उद्देश्य**

प्रस्तुत पाठ्यक्रममा दुई किसिमका उद्देश्यहरू प्रतिबिम्बित भएका छन् । साधारण उद्देश्य भनेर बुँदामा मुख्यतः पाँचवटा उद्देश्य राखिएका छन् । साधारण उद्देश्यका आधारमा एकाइगत विशिष्ट उद्देश्य भनेर उल्लेख गरिएको छ । पाठ्यक्रममा पाँचवटा एकाइमा पाठ्यवस्तु निर्धारित गरिएको छ । उक्त प्रत्येक एकाइमा एकाइगत विषयअनुसारका विशिष्ट उद्देश्यहरू समेत तोकिएका छन् । साधारण उद्देश्यहरू यस प्रकार रहेका छन् :

१) भाषिक परीक्षणको सैद्धान्तिक अवधारणा व्यक्त गर्न,

२) भाषिक परीक्षणका ऐतिहासिक मान्यता र धार, भाषिक परीक्षणका गुण, पश्चमार्जन प्रभाव र नेपाली भाषिक परीक्षण परिपाटीको वर्णन गर्न,

३) भाषिक परीक्षणका युक्ति र साधनहरूको रूपरेखा बताउन,

४) भाषिक परीक्षण योजना साधनहरूको निर्माण र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न,

५) भाषिक प्रश्न निर्माण र विश्लेषणका सैद्धान्तिक आधारहरू पहिल्याई विभिन्न परीक्षण प्रयोजन अनुसारका साधन तथा प्रश्न निर्माण र विश्लेषणको अभ्यास गर्न,

(स्रोत : भाषिक परीक्षण (नेपा शि ५२४) स्नातकोत्तर पाठ्यक्रम शिक्षाशास्त्र डिन कार्यालय, त्रि वि)

माथि उल्लेख गरिएका भाषिक परीक्षणका साधारण उद्देश्यहरू मध्ये पहिलो र दोस्रो उद्देश्य सैद्धान्तिक प्रकृतिका देखिएका छन् । बाँकी रहेका क्रमशः तेस्रो, चौथो र पाँचौँ उद्देश्य प्रयोगात्मक प्रकृतिका पाइएका छन् । साधारण उद्देश्यका रूपमा उल्लेख भएका तिनले पाठ्यक्रमले निर्धारण गरेका पाँचवटै एकाइलाई प्रतिविम्बन गरेका छन् । एकाइगत उद्देश्यका रूपमा आएका विशिष्ट उद्देश्यले साधारण उद्देश्यलाई सार्थक बनाउने भूमिका निर्वाह गरेका छन् । यसले उद्देश्य सापेक्ष विषयवस्तु र विषयवस्तुपरक उद्देश्यको संयोजन भएको तथ्य प्रस्तुत भएको छ । उद्देश्य क्रम दुईमा

तीन वटा तथ्यलाई एउटै बुँदा बनाइएको छ । यसको सट्टा भाषिक परीक्षणका गुण र पश्चमार्जन प्रभाव बताउन छुट्टै बुँदा तथा नेपाली भाषिक परीक्षण परिपाटीको वर्णन गर्न छुट्टै बुँदा बनाइनु उपयुक्त हुने देखिन्छ । पाठ्यक्रमका उद्देश्यका सन्दर्भमा सूचकले दिएका प्रतिक्रियालाई पनि यहाँ प्रस्तुत गरिएको छ ।

**शिक्षकको प्रतिक्रिया :** *उद्देश्य पक्षका दृष्टिले पाठ्यक्रम उपयुक्त छ (थिम : सबै शिक्षक)*

उक्त प्रतिक्रियाका आधारमा प्रस्तुत पाठ्यक्रमको उद्देश्य पक्ष विद्यार्थीको रुचि, स्तर, क्षमता, सिकाइ सक्षमताका दृष्टिले उपयुक्त रहेको देखिएको छ । शिक्षकको शैक्षणिकताका दृष्टिले पाठ्यक्रम उपयुक्त रहेको पाइएको छ ।

**विद्यार्थीको प्रतिक्रिया :** *पाठ्यक्रमका उद्देश्य स्पष्ट छन् ।* (थिम : सबै विद्यार्थी)

उक्त प्रतिक्रियाका आधारमा निर्धारित पाठ्यक्रमका उद्देश्य स्पष्ट देखिएका छन् । विद्यार्थीको प्रतिक्रिया सकारात्मक देखिएकाले विद्यार्थीले पाठ्यक्रमको अध्ययन गरेको र अध्ययन गर्न लगाइएको निष्कर्षका आधारमा प्रतिक्रिया निर्माण भएको हो । विद्यार्थीको रुचि, स्तर, क्षमता तथा आवश्यकताका आधारमा पनि पाठ्यक्रमका उद्देश्य सकारात्मक रहेको देखिएको छ ।

निर्धारित पाठ्यक्रमका उद्देश्य पक्षमा निर्धारित शिक्षक तथा विद्यार्थीसँग गरिएको कुराकानीबाट पाठ्यक्रमका उद्देश्य स्पष्ट छन् भन्ने बुझिन्छ । पाठ्यक्रमले विद्यार्थीमा विश्लेषण सिपको विकास गर्ने लक्ष्य राखेको छ । अनुसन्धान कलामा लगाव राख्ने पक्षलाई प्राथमिकतामा राखेर उद्देश्य र विषयवस्तु तय भएका छन् भन्ने उत्तर शिक्षकबाट आएका छन् । विद्यार्थीले विषयवस्तुको व्याख्या विश्लेषण गर्ने र अनुसन्धान गर्ने कुरा प्रमुख भएर पाठ्यक्रम तयार भएको देखिन्छ भनेका छन् । यसबाट उद्देश्य पक्षका दृष्टिले पाठ्यक्रम स्पष्ट र सार्थक छ भन्ने पुष्टि हुन्छ ।

## शिक्षण विधि

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो सेमेस्टरको भाषिक परीक्षण (नेपा.शि. ५२४) को पाठ्यक्रममा शिक्षण प्रविधि भनेर छुट्टै शीर्षकमा उल्लेख गरिएको छ । ५२४ कोडको पाठ्यांशको अध्यापनका क्रममा प्रयोग हुने शिक्षणका प्रविधिलाई दुई भागमा विभक्त गरिएको छ । अधिकांश पाठ्यवस्तुहरू अध्यापन गर्न प्रयोग गरिने प्रविधिलाई साधारण शिक्षण प्रविधिमा राखिएको छ । कुनै निश्चित एकाइभित्रका पाठ्यवस्तु अध्यापन गर्न प्रयोगमा आउने शिक्षण प्रविधिलाई विशिष्ट शिक्षण प्रविधिमा समेटिएको छ ।

*(स्रोत : नेपा.शि.५२४ शिक्षाशास्त्र डिन कार्यालय, त्रि वि )*

**साधारण शिक्षण प्रविधि**

पाठ्यक्रममा एकाइगत रूपले प्रत्येक एकाइमा आश्यकताअनुसार व्याख्यान, प्रश्नोत्तर, छलफल तथा प्रस्तुतीकरण विधिको उपयोग गरिने छ भनेर उल्लेख गरिएको छ । एकाइको प्रकृतिअनुरूप पाठ्यपुस्तक, सहायक पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, तालिका र आरेखहरूको उपयोग गरिने छ भन्ने सूचना दिइएको छ ।

*(स्रोत : ने.पा.शि.५२४, शिक्षाशास्त्र डिन कार्यालय, त्रि वि ) ।*

**विशिष्ट शिक्षण प्रविधि**

शिक्षण विधिको उपयोग गर्ने क्रममा निम्नअनुसारको कार्य गरिनेछ भन्ने तथ्य उल्लेख गरिएको छ :

१) एकाइ एक : सैद्धान्तिक सामग्रीको विश्लेषणका लागि व्याख्यान र छलफल विधिको प्रयोग गरिने छ ।

२) एकाइ दुई : व्याख्यान, छलफल र प्रस्तुतीकरण विधिको उपयोग गरिने छ ।

३) एकाइ तीन : व्याख्यान, छलफल र प्रस्तुतीकरण विधि अवलम्बन गरिने छ साथै आवश्यकता अनुसार आरेख तथा तालिकाको उपयोग गरिने छ ।

४) एकाइ चार : व्यक्तिगत तथा सामूहिक रूपमा कार्यपत्र लेखन र प्रस्तुतीकरण गर्न लगाइने छ ।

५) एकाइ पाँच : विशिष्टीकरण तालिका निर्माण गरी प्रश्नपत्र तयार गर्न लगाइने छ ।

(स्रोत : ने.पा.शि.५२४ शिक्षण विधि, शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय, त्रि वि ) ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डिनको कार्यालयले प्रकाशित गरेको प्रस्तुत पाठ्यक्रमले पाठ र एकाइसमेत तोकेर शिक्षण विधिको उल्लेख गर्नुले पाठ्यक्रमका अपेक्षा हासिल हुने देखिएको छ । यसबाट सिद्धान्तलाई प्रयोग र अभ्यासबाट सिकाइ बानीमा बदल्न गरेको विधिबद्ध योजनाले पाठ्यक्रमका अपेक्षाहरू हासिल हुने कुरा सिद्ध भएको छ ।

**मूल्याङ्कन प्रकिया**

प्रस्तुत पाठ्यक्रमको प्रकृति सैद्धान्तिक रहेको छ । प्रस्तुत विषयले पाएको पाठ्यभार र अङ्कभार आन्तरिक तथा बाह्य दुबै प्रकृतिको सिकाइका अवधिमा पाठ्यवस्तुको प्रकृति अनुसार लिखित परीक्षा, समूह कार्य, मौखिक तथा लिखित प्रस्तुतिबाट मूल्याङ्कन गर्न सकिने छ भनिएको छ (ढकाल र खतिवडा, २०६८) । सेमेस्टर प्रणालीअन्तर्गत पाठ्यक्रमको मूल्याङ्कन ढाँचा वार्षिक प्रणालीभन्दा भिन्न हुनु स्वाभाविक छ । यो प्रणाली अभ्यासात्मक र प्रयोगात्मक ढाँचाको देखिएको

छ । मूल्याङ्कन प्रकियालाई पाठ्यक्रमले आन्तरिक र बाह्य भनी किटान गरेको छ । आन्तरिक र बाह्य दुबै मूल्याङकन प्रक्रियालाई पाठ्यक्रमले स्पष्ट चित्रण गरेको छ ।

*(स्रोत : ने.पा.शि. ५२४ शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय, त्रि वि )*

**आन्तरिक मूल्याङ्कन**

पाठ्यक्रमले आन्तरिक मूल्याङ्कनका लागि ४० अङ्क निर्धारण गरेको छ । त्यसको ढाँचामा उपस्थिति र शिक्षण सिकाइमा सहभागिताका लागि पाँच पाँच अङ्क गरी १० अङ्क छुट्याइएको छ । पहिलो, दोस्रो, तेस्रो आन्तरिक परीक्षाका लागि १०/१० अङ्कका दरले ३० अङ्क निर्धारण गरिएको छ । यसलाई देहायबमोजिम अझ विशिष्टीकरण गरिएको छ :

(क) पहिलो आन्तरिक परीक्षाका लागि अध्ययन पत्र लेखन, पुस्तक समीक्षा, लेख पुनरावलोकन, कुनै विषय शीर्षक केन्द्रित अध्ययन पत्र तयारी, आन्तरिक परीक्षा , एकाइ परीक्षा, ज्ञान वा प्रतिभा परीक्षणजस्ता काममध्ये कुनै एक काम गराइने छ भनिएको छ ।

(ख) दोस्रो आन्तरिक परीक्षाका लागि परियोजना कार्य, अवस्था वा घटना अध्ययन, गोष्ठी, क्षेत्रकार्य , व्यक्तिगत वा सामुहिक प्रतिवेदन लेखन, दिव्तीय स्रोत सामग्रीमा आधारित अध्ययन पत्र लेखन, पूर्वाध्ययन पुनरावलोकन र अभिलेखीकरणजस्ता कार्यहरूमध्ये कुनै एक काम गर्न लगाइने छ भनी उल्लेख गरिएको छ ।

(ग) तेस्रो आन्तरिक परीक्षाका लागि स्तरोन्नति मूल्याङ्कनका रूपमा डिन कार्यालयले लिने ढाँचाको परीक्षा लिई मूल्याङ्कन गरिने छ  भनी स्पष्ट पारिएको छ ।

(घ) उपस्थिति र कक्षा सहभागिताका लागि त्यसमा स्पष्ट निर्देशन गरिएको छ ।

**बाह्य मूल्याङ्कन**

बाह्य मूल्याङ्कनका लागि डिन कार्यालयले ६०% अङ्कभारको सत्रान्त परीक्षा लिने व्यवस्था गरेको छ । उक्त व्यवस्थाअनुसार प्रतिप्रश्न १ अङ्कभारका दरले १० अङ्कको वस्तुगतअन्तर्गत बहुवैकल्पिक प्रश्न सोधिने ढाँचा समूह क मा रहने व्यवस्था गरिएको छ । समूह 'ख' मा ६ वटा प्रतिप्रश्न ५ अङ्कभारका हिसाबले ३० अङ्कको सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधिने व्यवस्था पाइएको छ । यस समूहमा कुनै २ वटा प्रश्नमा विकल्प दिइने व्यवस्था छ । त्यस्तै समूह 'ग' मा १० अङ्कभारका २ वटा लामो उत्तरात्मक समूहका प्रश्न दिइने प्रावधान छ । यस समूहमा पनि कुनै एक प्रश्नमा एउटा विकल्प दिइने व्यवस्था गरिएको छ ।

माथिको व्यवस्थापनलाई हेर्दा मूल्याङ्कन प्रक्रिया स्नातक तहका तुलनामा स्नातकोत्तर तहमा बढी वस्तुपरक हुन पुगेको छ । वस्तुगत प्रश्नका रूपमा रहने बहुवैकल्पिक प्रश्न सबै

वस्तुनिष्ठ रहने व्यवस्था छ । विषयपरकमा छोटो उत्तरात्मक प्रश्नहरू पहिचानात्मक प्रकृतिका बढी र उत्पादनात्मक प्रकृतिका कम हुने सम्भावना छ । आन्तरिक मूल्याङ्कनमा सोधिने वा लिइने प्रश्नहरू बढी मात्रामा वस्तुगत प्रकृतिकै हुने र यिनले सिकारुमा पहिचानात्मक क्षमताको विकास र विस्तार गराउनमा नै भूमिका खेल्छन् भन्ने विश्वास गर्न सकिने अवस्था छ । अझ खास गरेर परीक्षार्थीहरूमा निर्माणात्मक वा संरचनात्मक क्षमताको विकास गराउनमा यिनको बढी भूमिका रहन सक्ने देखिएको छ ।

पाठ्यक्रमको विश्लेषण गर्ने क्रममा केही शिक्षक र विद्यार्थीलाई यसमा जोडिएको छ । यस क्रममा उपत्यकाका तीन वटा आङ्गिक र तीन वटा निजी सामुदायिक क्याम्पस समेटिएका छन् । प्रत्येक क्याम्पसबाट एक एक जना शिक्षक र दुई दुई जना विद्यार्थीसँग प्रश्नावली भराइएको छ । यहाँ उत्तरदाताबाट प्राप्त उत्तरलाई आधार मानेर पाठ्यक्रमको उद्देश्य पक्षको विश्लेषण गरिएको छ ।

**शिक्षकको उद्देश्यसम्बद्ध प्रतिक्रिया**

प्रस्तुत अध्ययनमा सूचकका रूपमा छनोटमा परेका शिक्षकले भाषापाठ्यक्रमका उद्देश्यका विषयमा दिएका प्रतिक्रियाका आधारमा (नेपा.शि.५२४) भाषिक परीक्षणको पाठ्यक्रमको विश्लेषण गरिएको छ ।

शिक्षकले दिएको प्रतिक्रियाको थिमका आधारमा निर्धारित पाठ्यक्रमका उद्देश्य उपयुक्त र स्तरयुक्त देखिएका छन् । विद्यार्थीको रुचि, बदलिँदो समाजको अपेक्षा तथा सेमेस्टरको मर्मअनुसार पाठ्यक्रम उपयुक्त रहेको प्रतिक्रिया प्राप्त भएको छ । यो शिक्षकको मूल्याङ्कनपरक दृष्टिकोण थियो । ज्ञान, बोध, सिप र उच्च दक्षतालाई आधार बनाएर सोधिएका प्रश्नमा आङ्गिक क्याम्पसका शिक्षकले उपयुक्त रहेको प्रतिक्रिया दिएका छन् । सामुदायिक क्याम्पसका शिक्षकले उद्देश्य स्तरयुक्त रहेको प्रतिक्रिया दिएका छन् । उक्त दृष्टिकोणअनुसार पाठ्यक्रमको उद्देश्य स्तरयुक्त रहेको पुष्टि भएको छ । समग्रमा आङ्गिक क्याम्पसका शिक्षकले उपयुक्त छन् भनेर जवाफ दिनु र सामुदायिकका शिक्षकले स्तरयुक्त छन् भन्नुले दुबै तर्फको उत्तर समान (५० प्रतिसत) कुरा सिद्ध हुन्छ । तथ्यमा शब्दगत अन्तर भए पनि उनीहरूले भावगत एकरूपता कायम गरेका छन् ।

**विद्यार्थीको उद्देश्यसम्बद्ध प्रतिक्रिया**

स्नातकोत्तर तह दोस्रो सेमेस्टरका विद्यार्थीलाई सोधिएको प्रश्नका आधार निर्दिष्ट पाठ्यक्रमसम्बद्ध उद्देश्यमा दिएको प्रतिक्रिया सापेक्ष रहेको देखिएको छ । उक्त प्रतिक्रियाका

आधारमा हेर्दा पाठ्यक्रमका साधारण तथा विशिष्ट उद्देश्य समाज, राष्ट्र तथा सेमेस्टर प्रणाली अनुकुल रहेको पाइएको छ ।

**शिक्षकको शिक्षण विधि तथा प्रविधिसम्बद्ध प्रतिक्रिया**

शिक्षकले दिएको प्रतिक्रियाका आधारमा निर्धारित पाठ्यक्रममा शिक्षण विधि तथा प्रविधि पर्याप्त नरहेको पाइएको छ । शिक्षण विधिलाई थप प्रयोगात्मक बनाउनुपर्नेमा सैद्धान्तिक पक्षको मात्र चर्चा गरिनु र उक्त सैद्धान्तिक पक्षमा पनि आंशिक रूपले मात्र समावेश गरिएको प्रतिक्रिया प्राप्त भएको छ ।

पाठ्यक्रमले सङ्केत गरेका उद्देश्य सापेक्ष विषय सामग्रीलाई निर्दिष्ट शिक्षण विधि प्रविधिबाट सिकाउन सकिने भनेर यसमा निर्देश गरिएको छ । यस विषयमा शिक्षकहरूले तोकिएका विधि तथा प्रविधि ठिक छन् तर ती पर्याप्त छैनन् भनेर उत्तर दिएका छन् । यसका अतिरिक्त उनीहरूले मौखिक रूपमा तुलना गरेर सिकाउन सकिने, तथ्यहरू खोज्न लगाएर सिकाउन सकिने जस्ता सान्दर्भिक विषय उठाएका छन् । उपर्युक्त तथ्यले ठाउँ, विशेष स्थानीय स्रोत र साधनको उपयोगसमेत गर्न सकिने कुरा स्वाभाविक ठहर्दछ ।

**विद्यार्थीको शिक्षण विधि तथा प्रविधिसम्बद्ध प्रतिक्रिया**

विद्यार्थीले दिएको प्रतिक्रियाका आधारमा हेर्दा शिक्षण विधि तथा प्रविधिको प्रयोगले सिकाइमा सहयोग पुऱ्याएको तथ्य अगाडि आएको छ । सामुदायिक तथा आङ्गिक दुबै क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीको प्रतिक्रियामा शिक्षण विधिले आफ्नो सिकाइमा सहयोग पुऱ्याएको बताएका छन् । यस आधारमा यस पाठ्यक्रमलाई विद्यार्थीको सिकाइमैत्री पाठ्यक्रम मान्न सकिने देखिन्छ ।

आनुपातिक रूपमा प्रस्तुत गर्नुपर्दा उत्तरदाता समूहमा रहेका ६ वटा क्याम्पसका १२ जना विद्यार्थीमध्ये ८ जनाले गरेको छ भन्ने उत्तर दिएका छन् । सानोठिमी क्याम्पस र पुष्पलाल मेमोरियल कलेजका विद्यार्थीले भने सहयोग त गरेको छ तर अझ थप आवश्यक छ भन्ने उत्तर दिएका छन् । यसले विद्यार्थी सिकाइमा सक्रिय र सचेत छन् भन्ने सन्देश दिन्छ । शिक्षकहरूले पनि विधि, प्रविधिमा पर्याप्तता कम छ भन्नुले यसमा थप बल प्रदान गरेको छ । यसले भाषिक परीक्षणको जाँच र अभ्यास गरेर ठोस र तथ्यपरक नतिजा ल्याउन मौजुदा पाठ्यक्रमको विधि प्रविधिमा थप खोज हुनुपर्छ भन्ने तथ्यको पुष्टि गर्दछ ।

**पाठ्यक्रमको मूल्याङ्कनमा वस्तुनिष्ठतासम्बन्धी शिक्षकको प्रतिक्रिया**

शिक्षकहरूले निर्धारित पाठ्यक्रममा रहेको मूल्याङ्कनको वस्तुनिष्ठतामा फरकफरक दृष्टिकोण प्रस्तुत गरेका छन् । क पाठ र उद्देश्यको प्रकृतिका आधारमा सङ्कलनात्मक वा निर्णयात्मक, ख पाठ र उद्देश्यको प्रकृतिका आधारमा पहिचानात्ममक परीक्षण, ग पाठ र उद्देश्यको प्रकृतिका आधारमा संरचनात्मक परीक्षण, घ पाठ र उद्‌देश्यको प्रकृतिका आधारमा उत्पादनात्मक परीक्षण, ङ पाठ आवश्यकता र प्रकृतिलाई आधार मान्दा माथिका मिश्रित प्रकृतिको मूल्याङ्कन रहेको विषय शिक्षकले बताएका छन् । उक्त छलफलका आधारमा पाठ्यक्रमको मूल्याङकन पक्ष पहिचानात्मक, संरचनात्मक र उत्पादनात्मक पक्षतिर ढल्केको पाइएको छ । यही कारण यसले विद्यार्थीको सिर्जनात्मक पक्षको मूल्याङ्कनमा जोड दिएको छ भन्ने देखिन्छ ।

यस क्रममा सामुदायिक तथा आङ्गिक क्याम्पसमा प्राध्यापन गर्ने शिक्षक भएकाले मूल्याङकन पक्षको प्रभावकारिताका बारेमा प्रतिक्रियाको सङकन गरिएको थियो । उक्त प्रतिक्रियाका आधारमा हेर्दा मूल्याङकन प्रक्रियामा समस्या रहेको कुरा सबै शिक्षकले स्वीकार गरेका छन् । यस क्रममा निर्धारित पाठ्यक्रमको मर्मअनुसार प्रश्न निर्माणमा समस्या देखिने गरेको तथ्य सबै शिक्षकबाट व्यक्त भएको छ । वास्तविक उत्तर सङ्केत (ङ) सबैले बताएका छन् । प्रश्न निर्माणमा पाठ्यक्रमको मर्म समेट्न समस्या परेको देखिँदै आएको छ । प्राश्निकले यसमा थप सचेतता अपनाउनु आवश्यक  देखिन्छ ।

**पाठ्यक्रमको उद्देश्य केन्द्रित भएर भाषिक परीक्षण र मूल्याङ्कन गर्ने गरी प्रश्नहरू सोधिन्छन् ?** भन्ने प्रश्नमा भाषिक परीक्षणकेन्द्रित प्रश्नको प्रकृतिसम्बद्ध विद्यार्थीको प्रतिक्रिया

निर्धारित पाठ्यक्रमको मूल्याङ्कनका लागि निर्माण गरिएको प्रश्नको प्रकृति सैद्धान्तिक रूपले सन्तोषजनक रहे तापनि यसको प्रायोगिक पक्षमा समस्या देखिएको प्रतिक्रिया विद्यार्थीबाट प्राप्त भएको छ । उनीहरूले भाषिक परीक्षण र मूल्याङ्कनलाई समेट्ने गरी प्रश्नहरू सोधिने गरिएको तर बेलाबेलामा पाठ्यक्रमको क्षेत्र र क्रमलाई ध्यान नदिइएको प्रतिक्रिया दिएका छन् । प्रतिक्रियामा प्रयोगका दृष्टिले कम र सिद्धान्तका दृष्टिले बढी प्रश्नहरू सोधिने भएकाले मूल्याङ्कनको वस्तुनिष्ठता औसत प्रकृतिको देखिएको तथ्य अभिव्यक्त भएको छ ।

**भाषा शिक्षण गरिसकेपछि सोधिने प्रश्नहरू कस्ता किसिमका छन ?** भनेर विधार्थीहरूलाई सोधिएको प्रश्नमा उनीहरूको प्रतिक्रिया

उनीहरूले पाठ्यक्रमको उद्देश्यलाई ख्याल गरेर प्रश्न सोधिने गरेको भने पनि कैफियतमा अल्मलिने प्रश्नहरू हुने सङ्केत गरेका छन् । प्राश्निकले प्रश्न बनाउँदा पाठ्यक्रम र विशिष्टीकरण

तालिका हेरेर बनाउन पर्ने सुझाव दिएका छन् । यसबाट पाठ वा पाठ्यपुस्तक हेरेर प्रश्न बनाउँदा प्रश्न निर्माणमा समस्या आउने कुराको सङ्केत यसले पुष्टि गर्दछ । प्रश्न मोडरेसन गर्नेले पाठ्यक्रम र विशिष्टीकरण तालिकामा ध्यान दिन सकेको देखिएन भन्ने तथ्यको समेत माथिको तथ्यबाट पुष्टि हुन्छ ।

स्नातकोत्तर तह सेमेस्टर प्रणालीको पाठ्यक्रमले विषयगत मूल्याङ्कनलाई कम प्राथमिकता दिएको छ । विषयपरकका तुलनामा वस्तुपरक तथा प्रयोगपरकतालाई बढी जोड दिएको छ । आन्तरिक मूल्याङ्कनका क्रममा गरिने परीक्षण तथा मूल्याङ्कनले निर्माणात्मक पक्षलाई जोड दिएका छन् । यस अर्थमा यी कम उत्पादनात्मक र बढी पहिचानात्मक बनेका छन् । वस्तुगत र प्रयोगात्मक पक्षले बढी महत्त्व पाएकाले यी व्यावहारिक पनि छन् । पाठ्यक्रमले नै भाषिक परीक्षणका प्रकृति भनेर निर्माणात्मक, निर्णयात्मक, पहिचानात्मक र उत्पादनात्मकका रूपमा सङ्केत गरेको छ । यस अर्थमा पाठ्यक्रममा उक्त पक्षको मर्म समेट्ने गरी मूल्याङ्कन प्रक्रिया निर्धारण भएकाले स्नातक तहको तुलनामा स्नातकोत्तर तहको मूल्याङ्कन प्रणाली बढी वस्तुपरक छ भन्ने देखिन्छ ।

**अध्ययनको प्राप्ति**

प्रस्तुत अध्ययनमा निर्दिष्ट पाठ्यक्रम सैद्धान्तिक तथा प्रायोगिक दुबै दृष्टिले उपयुक्त रहेको सूचकरूबाट बताइएको छ । भाषाका सिप शिक्षण के कति मात्रामा भयो, त्यसको यथार्थ लेखाजोखा शिक्षणपछि भाषिक परीक्षण र मूल्याङ्कनबाट गरिन्छ । भाषाका शैक्षणिक, प्रशासनिक र अनुसन्धानात्मक क्षेत्रमा सिकारुले हासिल गरेका उपलब्धि उद्देश्य र विषयबद्ध भएर स्थापित हुनु, विधि र प्रविधिको सहयोगले सिकाइमा सकारात्मक नतिजा प्राप्त हुनु तथा मूल्याङ्कनका दृष्टिले सिकारुमा पहिचानात्मक र उत्पादनात्मक सिप तथा क्षमता विकास हुनु यस अध्ययनका प्राप्ति हुन् । यस अध्ययनले अपेक्षित उद्देश्यका आधारमा प्राप्त भएका नतिजालाई अवलम्बन गर्दै यिनलाई अझ ठोस र मूर्त रूपमा उपयोग गर्नु आवश्यक देखिएको छ । उद्देश्य, विषयसामग्री, विधि र मूल्याङ्कनका विषयमा भएका सबल पक्षलाई अवलम्बन गर्दै सिकाइमा सकारात्मक गति कायम गर्नु आवश्यक भएको तथ्यप्रति सङ्केत गरेको छ ।

**अध्ययनको निष्कर्ष**

स्नातकोत्तर तह, दोस्रो सत्रको नेपा.शि. ५२४ को पाठ्यक्रम सेमेस्टरको मर्मलाई ध्यान दिएर निर्माण गरिएको पाठ्यक्रम हो भन्ने तथ्यले पुष्टि गर्दछन् । उक्त पाठ्यक्रमले भाषिक सिपको परीक्षणलाई व्यवस्थित र वस्तुगत बनाउने कुरामा जोड दिन्छ । साथै भाषाका सिपको परीक्षणमा

उत्पादनात्मक, सिर्जनात्मक, पहिचानात्मक जस्ता वस्तुगत र विषयगत दुबै प्रकृतिलाई अपनाइएको तथ्यले यसको सङ्केत गर्दछ । यसले भाषिक सिपको परीक्षणमा जोडि दिनुपर्ने भएकाले प्रयोगात्मक पक्षभन्दा बढी सैद्धान्तिक पक्षलाई निर्देश गरेको पाइन्छ । शिक्षण सिकाइका क्रममा प्रयोगात्मक र सैद्धान्तिक दुबै पक्षलाई समान पाठ्यभार दिन सकिएमा भाषापाठ्यक्रमले राखेका अपेक्षालाई सहज तरिकाले पूरा गर्न सकिने देखिन्छ ।

**शैक्षणिक उपादेयता**

भाषाशिक्षण भनेको भाषाका सिपको शिक्षण भएकाले प्रस्तुत पाठ्यक्रमको अध्ययनलाई शैक्षणिक दृष्टिले अभ्यासात्मक प्रकृतिको बनाएर अपनाउन सकिन्छ भन्ने अपेक्षा गरिएको छ । भाषाका चारवटा सिपलाई एकसाथ शिक्षण सिकाइ क्रियाकलापसँग जोडी कक्षा प्रस्तुति, समूह छलफल तथा सहकार्यमूलक बनाउनमा जोड गर्ने हो भने प्रस्तुत पाठ्यक्रमलाई शिक्षण सिकाइ क्रियाकलापको राम्रो सामग्रीका रूपमा अपनाउन सकिन्छ भन्ने विश्वास गरिएको छ ।

**सन्दर्भ सामग्री**

ढकाल शान्तिप्रसाद,(२०६६) *नेपाली भाषा शिक्षाः पचिय र प्रयोग,* शुभकामना प्रकाशन ।

ढकाल शान्तिप्रसाद र खतिवडा तीर्थराज (२०६८) *नेपाली भाषा र साहित्य शिक्षण* , शुभकामना प्रकाशन ।

पौडेल माधवप्रसाद (२०७०) *भाषिक परीक्षण,* विधार्थी प्रकाशन प्रा.लि. ।

भण्डारी पारसमणि र अन्य (२०६८) *नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेसन प्रा. लि ।

*भाषिक परीक्षण. ५२४* (२०७८) स्नातकोत्तर तह, दोस्रो सेमेस्टर, त्रि. वि. शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय , कीर्तिपुर ।

लम्साल, रामचन्द्र, गौतम, वासुदेव र अधिकारी, गणेशराज (२०७४), *नेपाली भाषा शिक्षण,* भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६८) *भाषिक परीक्षण र मूल्याङ्कन, प्रश्न निर्माण र विश्लेषणका आधारहरू,* विधार्थी पुस्तक भण्डार ।

स्नातक पाठ्यकम (२०७१) *शिक्षाशास्त्र सङ्काय चार बर्से स्नातक पाठ्यक्रम* , त्रि वि , कीर्तिपुर ।